# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश,नेपाल

## मिनिटिलर खरिद सम्बन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना।

**सूचना नं. ४३**

प्रथम पटक प्रकाशित मिति : २०७९/१२/०६

विहादी गाउँपालिका, वहाकीठाँटी, पर्वतका लागि आ.व. २०७९/८० का लागि आवश्यक पर्ने मिनिटिलर सिलवन्दी दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकाले इच्छुक मिनिटिलर खरिद विक्रीसम्बन्धी इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनि, व्यवसायी तथा संस्थाहरुले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र फाराम खरिद गरि सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

१. यो सूचना प्रकाशन भएको मितिले १५ औ दिनसम्म कार्यालय समयमा यस कार्यालयबाट दरभाउपत्र फाराम शुल्क रु १,०००/- नगदी रसिद वा यस कार्यालयको प्रभु बैंक विहादी स्थित ग१.१ विहादी गा.पा. आन्तरिक राजश्व खाता १४६०११४९८४६०००४१ मा (अक्षेरुपि एक हजार रुपैया मात्र फिर्ता नहुने गरि) तिरी आ.व. २०७९/८० का लागि नवीकरण गरेको व्यवसाय दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि दर्ता प्रमाण पत्र र आ.व. २०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्र र नागरिकताको छायाँप्रति सहितको निवेदन पेश गरेपछि दरभाउपत्र उपलब्ध गराइने छ ।

२. दरभाउपत्र फाराम पत्रसाथ कवोल गरेको रकम तल उल्लेख भए बमोजिम नघटाई धरौटी वापतको जमानत रकम यस विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी पर्वतको प्रभु बैंक, विहादी शाखा, पर्वतमा रहेको ग-३ विहादी गा.पा. धरौटी खाता १४६०११४९८४६०००२१ मा जम्मा गरेको सक्कली भौचर पेश गर्नुपर्नेछ वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट ७५ दिनको मान्य अवधि हुने गरि जारि गरिएको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ ।

३. टिपेक्स लगाएको वा केरमेट गरिएको दरभाउपत्र मान्य हुने छैन ।

४. दरभाउपत्र राखेको खाममा लाहाछाप लगाई खामको बाहिरपट्टि **"विहादी गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वत"** को नाम सम्बोधन गरि "विहादी गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वतका लागि मिनिटिलर आपूर्ति गर्ने सम्बन्धि कार्य गर्ने बारेको दरभाउपत्र फाराम" भनि उल्लेख गर्नुपर्ने छ ।

५. दरभाउपत्र फाराम दाखिला गर्नुपर्ने स्थान : विहादी गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वत ।

६. दरभाउपत्र फाराम दाखिला गर्नुपर्ने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजे भित्र ।

७. दरभाउपत्र फाराम खोलिने मिति : सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधि र दरभाउपत्र वाला वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र वाला वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

८. दरभाउपत्र फाराम खोलिने स्थान : विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वत ।

९. दरभाउपत्र फाराम खरिद गर्ने, दाखिला गर्ने तथा खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुल्ने दिनलाई मानिनेछ ।

१०. घटिवाला वा बढीवालाको दरभाउपत्र फारम स्वीकृत गर्ने, नगर्ने अथवा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालमा सुरक्षित रहने छ ।

११. ठेक्का सम्झौता भएपछि ठेक्का अवधिभर कुनै पनि मूल्यवृद्धि दिइने छैन ।

१२. नियमानुसार ठेक्का सम्झौता भएपछी मात्र अन्य दरभाउपत्र दाताहरुलाई धरौटी फिर्ता दिइनेछ ।

१३. अंक र अक्षरमा लेखिएको दररेटको व्यहोरा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

१४. एक व्यक्ति वा फर्मलाई एकभन्दा बढी दरभाउपत्र खरिद गरि समाबेश गर्न दिइने छैन ।

१५. यस सुचनामा परेका कुरा यसै सूचना बमोजिम हुनेछ भने यस सुचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र नेपालको कानुन बमोजिम हुनेछ ।

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको विवरण | धरौटी रकम | धरौटी खाता नं | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | OBRM/PAR/G/SQ 08-079/80 | मिनिटिलर खरिद | ५९,०००/- | GA 3 BIHADI GA PA DHARAUTI KHATA<br>1460114984600021 | १,०००।- |

चूर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

चूर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत